ACTFL
Language Proficiency & Performance
EXCLUSIVELY THROUGH LTI

# घरमा AAPPL टेस्ट दिने FAQs

### १. AAPPL भनेको के हो ?

AAPPL को अर्थ ACTFL एसेस्मेन्ट अफ पर्फमेन्स टुवार्ड प्रोफिसिएन्सी इन ल्यांगुएजेज® हो । यो वेब-आधारित भाषा टेस्ट हो जसमा (४) भागहरु अथवा “मोडहरु” समावेश हुन्छन्, शिक्षक अथवा विद्यालयले विद्यार्थीहरुको लागि के छनोट गरेकाछन् भन्ने कुरामा निर्भर रहँदै । चारवटा मोडहरुले एउटा विश्वको भाषामा सुनाइ, पढाई, बोलाइ तथा लेखाइको टेस्ट गर्छन । शिक्षक अथवा विद्यालयले तपाईंलाई चारवटा मोडहरु मध्ये कुन चाँही मोड अर्डर गरिएको छ भनि जानकारी दिनेछन्, टेस्ट दिने विद्यार्थीको दक्षताको चरण र टेस्ट उदेश्यहरुमा आधारित । तपाईंले AAPPL Central मा थप जानकारी प्राप्त गर्न सक्नुहुन्छ ।

### २. घरमा AAPPL प्रोक्टर गर्न कठिन हुन्छ ?

हुँदैन । यो एकदम सिधा छ ! प्रोक्टरहरु भनेको माता-पिता, अभिभावक, अथवा अन्य विश्वसनीय वयस्क मानिस हुनुपर्छ । प्रोक्टरको केहि जिम्मेवारी अन्तर्गत निम्न कुरा पर्दछन:

- एक सुरक्षित, शान्त टेस्ट दिने वातावरण सिर्जना गर्ने,
- टेस्ट लिनुअघि कम्प्युटरमा र अन्य उपकरणहरुमा सिस्टम जाँच संचालन गर्ने र त्यसपछि टेस्टको अवधिमा सक्रियरुपमा वातावरण अनुगमन गर्ने,
- टेस्टको बेलामा टेस्ट दिने विद्यार्थीसँग कागज, कलम, सिसाकलम, नोट, शब्दकोश, मोबाइल, क्यामेरा, वा विधुतीय यन्त्रहरुको पहुँच नभएको पक्का गर्ने,
- टेस्ट दिने विद्यार्थीलाई कुनैपनि प्राविधिक त्रुटीमा मदत गर्ने, सहायताको लागि विद्यालय र/अथवा LTI लाई सम्पर्क गर्दै ।

यस कागजातमा अझ मुनितिर एक विस्तृत प्रोक्टर गर्ने जाँच-सूची र प्रोक्टर गर्ने निर्देशना प्रदान गरिएका छन् ।

### ३. के AAPPL परीक्षण भिन्न हुनेछ किनभने यो घरमा लिईंदै छ ?

होइन । विद्यालयमा लिईने र घरमा लिईने AAPPL परीक्षणमा केहि भिन्नता छैन ।

### ४. AAPPL लिनको लागि कति समय लाग्छ ?

परीक्षण समयबद्ध हुँदैन; यद्यपि, AAPPL को हरेक मोडले ३०-४० मिनेटको समय लिन्छ । (लेख्ने मोडको लागि एक घण्टासम्म लाग्नसक्छ ।) सम्पूर्ण टेस्टको लागि लगभग २.५ घण्टा लाग्छ । टेस्ट दिने विद्यार्थीले मोडहरुको बीचमा विश्राम लिनसक्छन, धेरै दिनमा त्यी मोडहरु पुरा गर्नसक्छन, वा एउटै बसाइँमा सबै मोडहरु पुरा गर्नसक्छन ।

### ५. AAPPL लिनको निम्ति मलाई कुनै विशेष उपकरण चाहिन्छ ?

चाहिन्छ । तपाईंलाई एउटा कप्यूटर, इन्टरनेट पहुँच, र हेडफोन वा स्पिकरहरु चाहिनेछ । त्यसमा थप, परीक्षण दिने विद्यार्थीलाई पारस्परिक सुनाइ तथा बोलाइको भागको लागि एउटा माइक्रोफोन चाहिनेछ, एक भर्चुअल भिडियो-आधारित च्याट पार्टनरलाई उनीहरुले दिएका प्रतिक्रिया रेकर्ड गर्नको निम्ति । आजकल अधिकांश कम्प्युटरहरुमा त्यस्ता विशेषता पहिल्यै हुन्छन, जसको मतलब तपाईंले सम्भवतः नयाँ उपकरण लिनुपर्दैन । निश्चित हुनको लागि, कृपया प्राविधिक आवश्यकताहरु हेर्नुहोस र टेस्ट लिनुअघि आफ्नो सिस्टममा सिस्टम जाँच संचालन गर्नुहोस । यदि तपाईंलाई थप सेट-अप

निर्देशना आवश्यक भएमा, कृपया विद्यालयमा सम्पर्क गर्नुहोस ।

## ६. AAPPL को लागि सुरक्षा विशेषताहरु छन् ?

छन् । AAPPL मा विभिन्न टेस्ट-सुरक्षा विशेषताहरु छन् । पहिलो, टेस्ट दिने विद्यार्थीहरुले प्रत्येक AAPPL मोडको अघि सम्मान प्रतिज्ञा लिनुपर्छ । दोस्रो, यदि उनीहरुले परीक्षण छोडेर अर्को प्रोग्राम, ब्राउजर विन्डो, वा ट्याब खोले भने उनीहरु स्वचालित रुपमा परीक्षणबाट लग आउट हुनेछन । स्वचालित रुपमा असक्षम हुने अन्य विशेषताहरुमा निम्न कुरा पर्दछन:

- माउसको दाहिने-क्लिक विशेषता,
- ब्राउजरको ब्याक बटन,
- कपि, पेस्ट, र कट किबोर्ड सर्टकट (Ctrl + c, Ctrl + v, and Ctrl + x),
- गुगल अनुवाद ब्राउजर एक्स्टेन्सन, यदि इन्स्टल भएको छ भने ।

टेस्टको अवधिमा, टेस्ट दिने विद्यार्थीहरुसँग कुनैपनि निषेध गरिएका श्रोतहरुको पहुँच हुनु हुँदैन, कागज, कलम, सिसाकलम, नोट, शब्दकोश, मोबाइल, क्यामेरा, वा अन्य विधुतीय उपकरणहरु सहित ।

## ७. टेस्ट अगाडी अभ्यास गर्नको लागि कुनै श्रोतहरु उपलब्ध छन् ?

छन् । यदि समयले भ्याएमा, तपाईंले ACTFL को परीक्षण लिने सुझाव भिडियोहरु हेर्नुपर्छ र टेस्ट दिने विद्यार्थीले Demo परीक्षण पुरा गर्नुपर्छ ।

## ८. यदि मलाई मदत चाहिएमा मैले कसलाई सम्पर्क गर्ने ?

यदि तपाईंलाई प्राविधिक सहायता चाहिएमा, कृपया सल्लाह तथा निर्देशनाको लागि आफ्नो विद्यालयमा सम्पर्क गर्नुहोस ।

# घरमा AAPPL टेस्ट दिने निर्देशना

COVID-19 द्वारा हुनगएको दुरीको कक्षाकोठा परिवर्तनकालको अवधिमा विद्यालय, विद्यार्थी, तथा शिक्षकहरुलाई सिकाइको निरन्तरता सहज बनाउन सहयोग गर्नुभएकोमा तपाईंलाई धन्यवाद; घरमा AAPPL को लागि तपाईंले प्रोक्टरको रुपमा गर्नुभएको सहकार्यताको प्रसंशा गरिन्छ र महत्वपूर्ण रहन्छ । कृपया याद गर्नुहोस कि टेस्ट लिने प्रोक्टरहरु माता-पिता, अभिभावक वा अन्य विश्वसनीय वयस्कहरु हुनुपर्दछ जो टेस्ट लिने वातावरण सुरक्षित गर्नको लागि जिम्मेवार रहन्छन । यस **टेस्ट लिने निर्देशना**ले तपाईंलाई घरमा टेस्टको लागि तयार रहन र सफलतापूर्वक सम्पन्न गर्नको लागि मदत गर्नेछ ।

## छरितो लिंकहरु

| | |
|---|---|
| **AAPPL DEMO:** | https://www.languagetesting.com/aappl2-demo |
| **AAPPL SYSTEM CHECK:**<br>**AAPPL** सिस्टम जाँच | https://aappl2.actfltesting.org/systemcheck |
| **TECHNICAL REQUIREMENTS:**<br>प्राविधिक आवश्यकताहरु: | https://www.languagetesting.com/aappl2-demo |
| **TO TAKE THE TEST:**<br>**टेस्ट लिनको लागि:** | https://aappl2.actfltesting.org |

## घरमा प्रोक्टर गर्ने जाँच-सूची

- ❑ प्राविधिक आवश्यकताहरु हेर्नुहोस, टेस्ट लिनको लागि प्रयोग हुने कम्प्युटर तयार गर्नुहोस, र सिस्टम जाँच पुरा गर्नुहोस
- ❑ टेस्ट दिने विद्यार्थीलाई Demos मार्फत कार्य गराउनुहोस् र प्रस्तुति सम्बन्धि लेखन भागको लागि उनीहरुको किबोर्ड परीक्षण गर्नुहोस ।
- ❑ तपाईंले दिने चारवटासम्म भागहरुको समयावधि र वितरणको योजना बनाउनुहोस् (तपाईंको शिक्षक अथवा विद्यालयले त्यसको विवरण प्रदान गर्नेछ) । तिनले हरेकको लागि ३०-४५ मिनेट लिन्छन, र प्रस्तुति सम्बन्धि लेखनको लागि ६० मिनेटसम्म लिन्छ ।
- ❑ सुरक्षित टेस्ट दिने क्षेत्र तयार गर्नुहोस र लग-इन परिचय-पत्र हातमा राख्नुहोस । याद गर्नुहोस कि टेस्टको बेलामा टेस्ट दिने विद्यार्थीहरुसँग कागज, कलम, सिसाकलम, नोट, शब्दकोश, मोबाइल, क्यामेरा, वा विधुतीय यन्त्रहरुको पहुँच हुनुहुँदैन ।
- ❑ टेस्ट दिने विद्यार्थीलाई शिक्षकले अथवा विद्यालयले प्रदान गरेको लग-इन परिचय-पत्रको प्रयोग गर्दै टेस्टमा लग-इन गराउनुहोस् ।
- ❑ सम्पूर्ण भागहरु पुरा गर्दैगर्दा टेस्ट दिने विद्यार्थीको निरीक्षण गर्नुहोस र टेस्ट अवधिहरुको बिचमा उनीहरुको लग-इन

जानकारी सुरक्षित राख्नुहोस । उनीहरुलाई AAPPL को कुनैपनि प्रश्नको जवाफ दिनको लागि सहयोग नगर्नुहोस् ।

- ❑ सम्पूर्ण भागहरुको टेस्ट पुरा भएपछि टेस्ट दिने विद्यार्थीको लग-इन जानकारी मेट्नुहोस/हटाउनुहोस ।